# HM Treasury, UK को प्राविधिक सहयोगमा पारस्परिक मूल्याङ्कन तयारी सम्बन्धी तालिम सम्पन्न

वित्तीय क्षेत्रका नियामक/सुपरिवेक्षक निकायहरुलाई पारस्परिक मूल्याङ्कनको लागि तयार गर्ने उद्देश्यले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामला मन्त्रालय तथा वित्तीय जानकारी इकाईको संयुक्त सहकार्य तथा HM Treasury, UK को प्राविधिक सहयोगमा मिति २०७९ असोज ३१ तथा कार्तिक २-३ गते Immediate Outcomes (IOs) सम्बन्धी तीन दिने तालिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हल, सिंहदरबारमा सम्पन्न भएको छ । सो तालिममा नेपाल राष्ट्र बैंकका बैंक सुपरिवेक्षण विभाग, वित्तीय संस्था सुपरिवेक्षण विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग, भुक्तानी प्रणाली विभाग, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग सहित नेपाल धितोपत्र बोर्ड, बीमा समिति तथा सहकारी विभागको सहभागिता रहेको थियो ।



पहिलो दिनको सेसनमा निकाय/विभागीय प्रमूखहरुको सहभागितामा IO-1 (ML/TF/PF Risks) सम्बन्धी, दोस्रो दिन IO-3 (AML/CFT Supervision) सम्बन्धी र तेस्रो दिन भुक्तानी प्रणाली, RegTech तथा VASP (Virtual Asset Service Providers) सम्बन्धी प्रशिक्षणमा पारस्परिक मूल्याङ्कनमा सोधिने सम्भावित प्रश्नहरुको mock interview समेत भएको थियो ।

समापन कार्यक्रममा पारस्परिक मूल्याङ्कन तयारी समितिका संयोजक तथा कानून, न्याय तथा संसदीय मामला मन्त्रालयका सचिव श्री उदयराज सापकोटाले सहभागी निकायहरुले निकट भविष्यमा हुन गइरहेको पारस्परिक मूल्याङ्कनको on-site visit को दौरानमा दिनुपर्ने जवाफहरुको तयारीको लागि राम्रो अभ्यास गर्न तालिम सफल भएको बताउनुभयो । त्यस्तै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सह-सचिव श्री नारायण प्रसाद भट्टले कार्यक्रममा सहभागी निकायका प्रमूख तथा सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । इकाई प्रमूख श्री दीर्घ बहादुर रावलले इकाईको अनुरोधलाई स्वीकार गरी प्राविधिक सहयोग प्रदान गरेकोमा HM Treasury, UK तथा प्रशिक्षकहरु Ian Collins तथा Jess Medhurst लाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।